आज मिति २०७९।०३।२९ गते यस कपुरकोट गाउँ कार्यपालिकाको ७८ औं बैठक गाउँपालिकाका अध्यक्ष श्री दुर्गा बहादुर पुनज्यूको अध्यक्षतामा पालिकाको बैठक कक्षमा बसी तपसिल बमोजिमको उपस्थितिमा तपसिल प्रस्तावहरु माथि छलफल गरि निर्णयहरु गरियो ।

उपस्थितिः

| क्र.सं. | पदाधिकारीको नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री दुर्गा बहादुर पुन | अध्यक्ष | |
| २ | श्री प्रकाश भरारी | सदस्य | |
| ३ | श्री बालाराम खड्का | सदस्य | |
| ४ | श्री ईश्वर बुढा | सदस्य | |
| ५ | श्री प्रदिप खड्का | सदस्य | |
| ६ | श्री मित्रलाल कठायत | सदस्य | |
| ७ | श्री होम बहादुर खड्का | सदस्य | |
| ८ | श्री श्यामकृष्ण बोहरा | सदस्य | |
| ९ | श्री राधिका यरी | सदस्य | राधिका |
| १० | श्री अनिता पुन | सदस्य | |
| ११ | श्री तिला बुढाथोकी रोका | सदस्य | तिला |
| १२ | श्री विमल कामी | सदस्य | |
| १३ | श्री रेवती सुनार | सदस्य | रेवती |
| १४ | श्री तिला कुमारी कामी | सदस्य | तिला |
| १५ | श्री भरत कुमार वली | सचिव | |

आमन्त्रितः

श्री विष्णु प्रसाद आचार्य -लेखापाल

श्री ~~हुकुम वली~~ रवीन्द्र ब. शाही -~~आन्तरिक लेखापरीक्षक~~ प्रशासन अधिकृत

श्री होताराम वली -का.स.

मिति २०७९ असार २८ गतेको ७८ औं गाउँकार्यपालिका बैठकका कार्यसुचिहरु

१.आ.ब २०७९/८० को आय व्ययको अनुमान सहितको अर्थ विध्ययेक ,आर्थिक ऐन २०७९ र विनियोजन ऐन २०७९ सम्बन्धि विध्ययेकहरु स्वीकृत गर्ने सम्बन्धमा ।

२.आ.ब २०७८/७९ को बजेटबाट विनियोजन भई कार्य सम्पन्न भइसकेका तर भुक्तानी गर्न नसकिएको रकमको दायित्व स्वीकार गरी आगामी वर्षको दायित्वमा राख्ने सम्बन्धमा ।

३.विभिन्न निर्णयहरु अनुमोदन गर्ने सम्बन्धमा ।

४.गाउँपालिकामा कार्यरत करार कर्मचारीहरुको करारनामा म्याद थप सम्बन्धमा ।

५.यस कपुरकोट गाउँपालिकामा कार्यरत करार कर्मचारीहरुको पारिश्रमिक तथा अन्य सेवा सुविधा सम्बन्धमा ।

६.यस पालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण अध्यावधिक तथा कार्यविवरणलाई अनुमोदन गर्ने सम्बन्धमा ।

७.सामाजिक परिचालकहरुको पद खारेज गर्ने सम्बन्धमा ।

८.नगर प्रहरी सेवा गठन सम्बन्धमा ।

९.करार कर्मचारी पदपुर्ती गर्न तर्जुमा गरिएको यस पालिकाको कार्यविधि संसोधन गर्ने सम्बन्धमा ॥

१०.पशुपन्क्षी विकास शाखाबाट प्रस्तावित "पशुपन्क्षी विकास कार्यक्रम सँचालन कार्यविधि २०७९" तथा "दुध संकलन केन्द्र सँचालन कार्यविधि २०७९" लाई स्वीकृत गर्ने सम्बन्धमा ।

११.कृषि विकास शाखाबाट प्रस्तावित "कृषि विकास कार्यक्रम संचालन कार्यविधि २०७९" लाई स्वीकृत गर्ने सम्बन्धमा ।

१२.कपुरकोट गाउपालिकालाई बाह्य लगानीमैत्री गाउँपालिका बनाउन पालिकाको साझेदारी कोषको निर्माण गर्ने र आगामी बर्ष "कपुरकोट लगानी सम्मेलन" आयोजना गर्ने सम्बन्धमा ।

१३.विविध ।

प्रमुख प्रशासकीय अधिकृत

मिति २०७९ असार २८ गतेको ७८ औं गाउँ कार्यपालिका बैठकका निर्णयहरु:

१.बजेट तथा नीति कार्यक्रम तर्जुमा समितिका संयोजक प्रकाश भरारीले प्रस्तुत गर्नुभएको कपुरकोट गाउपालीकाको आ.व २०७९/८० को आय व्ययको अनुमान सहितको अर्थ विध्येयक,आर्थिक ऐन २०७९ र बिनियोजन ऐन २०७९ सम्बन्धि विध्ययेकहरु स्वीकृत गरी गाउँसभा समक्ष पेश गर्ने निर्णय गरियो ।

२. आ.व २०७८/७९ को बजेटबाट बिनियोजन भई कार्य सम्पन्न भइसकेका तर भुक्तानी प्रणाली बन्दको कारण भुक्तानी गर्न नसकिएको जम्मा रु ४,२८,३७,४११/-(अक्षरुपी चार करोड अटठाइस लाख सैतिस हजार चार सय एघार रुपैया मात्र) को दायित्व स्वीकार गरी आगामी बर्षको दायित्वमा राख्ने प्रस्ताव गाउँसभा समक्ष लैजाने निर्णय गरियो ।

३.गाउँपालिकामा कार्यरत हस्तान्तरीत कार्यक्रमहरुमा कार्यरत कर्मचारीहरुको हकमा कार्यक्रमको शर्त अनुसार हुने र बाँकी सबै करार कर्मचारीहरु(विध्यालय कर्मचारी समेत)को करारनमा म्याद हाललाई ३ महिना थप गर्न गाउँसभामा प्रस्ताव गर्ने निर्णय गरियो ।

४. आ.व. २०७९।०८० को लागि करार कर्मचारीहरुको पारिश्रमिक तथा अन्य सेवासुविधा देहायबमोजिम रहने निर्णय गरियो ।

- स्वीकृत दरवन्दीमा रहेका करार कर्मचारीहरुलाई नेपाल सरकारको नियमानुसार नै हुने ।
- हस्तान्तरीत तथा साझेदारी कार्यक्रममा कार्यरत कर्मचारीहरुको हकमा सम्बन्धित कार्यक्रमको शर्त बमोजिम हुने ।
- प्रशासन र स्वास्थ्य सेवा तर्फका आन्तरिक श्रोतबाट व्यहोरिने करार सेवाका कर्मचारीको हकमा निम्नबमाजिम गर्ने
  - सहायक स्तर चौथो: रु.२२,०००|- (पोशाक र चाडपर्व खर्चसमेत)
  - ड्राईभर (एम्बुलेन्स र ट्र्याक्टर): रु २०,०००|- (चाडपर्व खर्च र पोशाक भत्ता समेत)
  - कार्यालय सहयोगी: रु.१८००० |- (पोशाक र चाडपर्व खर्चसमेत)
  - फोहरमैला सहयोगी कर्मचारी: रु.१०००० |- (पोशाक भत्ता र चाडपर्व खर्च समेत)
- शिक्षा तर्फ
  - मा.वि. पालिका अनुदान कोटा: रु.२५,००० |- (पोशाक भत्ता र रु १००० महंगी भत्ता समेत)
  - नि.मा.वि. पालिका अनुदान कोटा: रु.२०,००० |- (पोशाक भत्ता र रु १००० महंगी भत्ता समेत)
  - प्रा.वि. पालिका अनुदान कोटा: रु.१७,००० |- (पोशाक भत्ता र रु १००० महंगी भत्ता समेत)
  - लेखापाल: रु.१६,००० |- (पोशाक भत्ता, चाडपर्व खर्च र रु १००० महंगी भत्ता समेत)
  - वालविकास सहजकर्ता: रु.१५,००० |- (पोशाक भत्ता र चाडपर्व खर्च ^ समेत) रु १००० महङ्गी भत्ता
  - कार्यालय सहयोगी: रु.१५,००० |- (पोशाक भत्ता र चाडपर्व खर्च समेत)
  - लाईब्रेरियन रु. १४,००० |-
  - सि.एल.सि.: रु १२,००० |-

निर्णय प्रमाणित

२०७९/०३/२५

५.यस पालिकामा कार्यरत सामाजिक परिचालकहरुको हाललाई खाइपाइ आएको पारीश्रमिक नघट्ने गरी ३ महिना करारनमा म्याद थप गर्ने र सो पछी उक्त पद स्वत खारेज गर्न गाउसभा समक्ष प्रस्ताव गर्ने निर्णय गरियो ।

६.नगर प्रहरी सेवा गठन सम्बन्धि कानुनको यथासक्य तर्जुमा गरी सेवाको गठन गर्न कार्यपालिकालाई अनुमति दिन गाउसभा समक्ष प्रस्ताव गर्ने निर्णय गरियो ।

७.करार कर्मचारी पदपुर्ती गर्न तर्जुमा गरिएको यस पालिकाको कार्यविधि सँशोधन गर्न गाउसभा समक्ष प्रस्ताव गर्ने निर्णय गरियो ।

८.पशुपन्छी बिकास शाखाबाट प्रस्तावित "पशुपन्छी बिकास कार्यक्रम सँचालन कार्यविधि २०७९" तथा "दुध सँकलन केन्द्र सँचालन कार्यविधि २०७९"लाई स्वीकृत गर्न गाउसभा समक्ष प्रस्ताव गर्ने निर्णय गरियो ।

९. कृषि बिकास शाखाबाट प्रस्तावित "कृषि बिकास कार्यक्रम सँचालन कार्यविधि २०७९" लाई स्वीकृत गर्न गाउसभा समक्ष प्रस्ताव गर्ने निर्णय गरियो ।

१०.कपुरकोट गाउपालिकालाई बाह्य लगानीमैत्री गाउपालिका बनाउन पालिकाको साझेदारी कोषको निर्माण गर्ने र आगामी बर्ष "कपुरकोट लगानी सम्मेलन" आयोजना गर्न गाउसभा समक्ष प्रस्ताव गर्ने निर्णय गरियो ।

११.कपुरकोट हुदै रोल्पाको कोइलासम्म जाने औद्योगिक मार्गको विषयमा गाउँकार्यपालिकाको ७१ औं बैठकले सडकको अवस्था सुधार नहुदासम्मको लागि उक्त सडक खण्डमा टिप्पर सँचालन कार्य बन्द गराउने निर्णय भएकोमा मिति २०७९ असार २१ गते सम्वद्ध सर्वपक्षिय बैठकमा ७ बुदे सहमति भएकोमा उक्त सम्झौतालाई अनुमोदन गर्न गाउसभा समक्ष प्रस्ताव गर्ने निर्णय गरियो ।

साथै सडक अवस्थाको अनुगमन गर्न एक पालिकास्तरीय अनुगमण समिति गठन गर्ने प्राबधान रहेकोले गाउपालिका अध्यक्ष सँरक्षक रहने गरी देहायबमोजिमको अनुगमण समिति गठन गर्न गाउसभा समक्ष प्रस्ताव गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| गाउँपालिका उपाध्यक्ष | संयोजक |
| प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| वडा न १,२,३ र ५ का वडा अध्यक्षहरु | सदस्य |
| इन्जिनियर | सदस्य |
| सवइन्जिनियर(पुर्वाधार हेर्ने) | सदस्य |
| योजना अधिकृत | सदस्य सचिव |

निर्णय प्रमाणित

प्रमुख प्रशासकीय अधिकृत

२०७९/३/२८